## वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड : १ | संख्या : ५ | मिति : २०७५ असार २९ गते |
|---|---|---|


### भाग-२

## वीरेन्द्रनगर नगरपालिका

## जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४

**१. परिचय**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्र.स. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४,जारी गरिएको छ ।

**२. परिचय पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य,स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल

रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान,सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक

(ख)सत्तरी वर्ष उमेर पूरा गरेका बरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६. परिचय पत्र वितरण मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७. परिचय पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धीत अनुसूची १ बमोजिमको ढाँचामा स्थानीय तह समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिताको प्रमाण पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

(घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्यूटराइज गरी न.पा. को कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

(ड) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

**८. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिकको परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसुचि-२ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

**९. विविध :**

(क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधी आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १
## नियम ७ (क) सँग सम्बन्धित

मितिः ...........................

श्री वीरेन्द्रनगर नगरपालीका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत

विषय : जेष्ठ नागरिक परिचय-पत्र पाँउ ।

उपयुक्त सम्बन्धमा प्रचलीत कानुन बमोजिम म ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

निबेदक :
दस्तखत :
नाम :
उमेर :
ठेगाना :

अनुसूची-२

नियम-८ संग सम्बन्धित

**वीरेन्द्रनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरेन्द्रनगर सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल ।**

फोटो

# जेष्ठ नागरिक परिचय-पत्र

परिचय-पत्र नं. ........................

नाम थर : ................................................................

ना.प्र.न. ...................................

ठेगाना : जिल्ला ................. नपा...........................

वडा नं..............................टोल/गाँउ........................................

उमेर.................................लिङ्ग.....................वर्ग.......................

उपलब्ध छुट तथा सुविधाहरु: स्वास्थ्य सेवा सार्वजनिक सवारीमा ५० प्रतिशत छुट, सार्वजनिक स्थलमा प्राथमिकता

पति/पत्निको नाम : ...............................................

हेरचाह केन्द्रमा बसेको भए सो को विवरण :...................................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, थर, सम्पर्क ठेगाना :..........................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम:......................

बुझिलिनेको दस्तखत

| दायाँ | बायाँ |
|---|---|

प्रमाणित गर्ने अधिकृतको :
दस्तखत :
नाम थर :
पद :
कार्यालय :
मिति :

कार्यालयको छाप

आज्ञाले,
**कृष्ण बहादुर खड्का**
प्रमुख प्रशासकीय अधिकृत

**जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४, मूल्य रू. : ५/-**